# भेरीगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

☎०८३-५४०१५४
E-mail:info@bherigangamun.gov.np
ito.bherigangamun@gmail.com
Website: bherigangamun.gov.np

मिति :२०८२/०९/२०
ने.सं. ११४६ पोहेलागा पारु, आईतवार

प.सं.: २०८२/०८३
चलानी नं.:१३८८

**रैथाने बाली संरक्षण, सम्वर्धन एवम् कृषि उपज बजारीकरण प्रवर्धन कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।**

(सूचना प्रकाशित मिति:२०८२/०९/२० गते)

यस भेरीगंगा नगरपालिका, नगर कृषि विकास शाखा अन्तर्गतचालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रदेश सरकारबाट हस्तान्तरित विशेष अनुदान कार्यक्रम आ.व. २०८२/०८३ मा **रैथाने बाली संरक्षण, सम्वर्धन एवम् कृषि उपज बजारीकरण प्रवर्धन कार्यक्रम** सञ्चालन गर्नुपर्ने भएकोले भेरीगंगा नगरपालिका भित्रका इच्छुक लक्षित समूहले तपशिल बमोजिमका कागजातहरु संलग्न गरि यो सूचना प्रकाशन भएको मितिले २१ दिन अर्थात मिति २०८२/१०/१० गते भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लगि यो सुचना प्रकाशन गरिएको छ। साथै आवेदन पेश गर्ने अन्तिम दिन सार्बजनिक विदा परेको खण्डमा विदाको भोलिपल्ट कार्यालय समय भित्र आवेदन पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र. सं. | कार्यक्रमको नाम | लक्षित समूह | वाली/बस्तु | आवश्यक न्यूनतम क्षेत्रफल | कलष्टर संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रैथाने बाली संरक्षण एवम सम्वर्धन कार्यक्रम | कृयाशिल तथा अनुभवी कृषक, सूचीकृत कृषक समूह ,कृषि सहकारी | कोदो, कागुनो, जौ, जुनेलो, धान, मकै, दलहन, तेलहन (उन्नत तथा हाइब्रीड जातलाइ मान्यता दिईने छैन) | ४० रोपनी | १ | रैथाने वाली प्रवर्द्धन तथा संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ अनुसार सञ्चालन हुने। |
| | रैथाने बालीको कृषि उपज प्रवर्धन एवम बजारीकरण कार्यक्रम | सूचीकृत सामुदायिक बीउ बैंक, होमस्टे संलग्न व्यक्ति, फर्म तथा सामुदायिक संस्थाहरु | | | १ | |

**तपशिल:**

## निबेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१. रैथाने बालीको कलष्टर स्थापनाका लागि दिइने निवेदन,

२०८२/०९/२०

"समृद्ध भेरीगंगा - सुखी भेरीगंगावासी"

# भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

☎०८३-५४०१५४
E-mail:info@bherigangamun.gov.np
ito.bherigangamun@gmail.com
Website: bherigangamun.gov.np


प.सं.: २०८२/०८३
चलानी नं.: १३८८

२. निवेदकको नेपाली नगरिकता प्रमाणपत्रको प्रतिलिपि -१थान,

३. सम्बन्धित निकायमा सूचीकृत कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक, होमस्टे संलग्न व्यक्ति, फर्म तथा सामुदायिक संस्थाहरु दर्ता तथा नविकरण सहितको प्रमाण-पत्रको प्रतिलिपि-१ थान,

४. कृषक समूह/सहकारी/समिति को हकमा कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपि-१ थान,

५. गत आ.व. को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि-१ थान,

६. कृषि उद्यमीको हकमा नागरिकताको प्रतिलिपि-१ थान,

७. कार्यक्रम सञ्चालन हुने स्थान जग्गा/जमिन को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको सम्झौतानामा पत्र वा ऐलानीको हकमा सम्बन्धीत वडाले भोगचलन गरेको भनि प्रमाणित गरेको सिफारिस पत्र, **(आवश्यक न्यूनतम क्षेत्रफल पुग्नेगरी),**

८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

***नोट : सूचीकृत नभएका तथा रित नपुगी आएका कृयाशिल तथा अनुभवी कृषक, कृषक समूह ,कृषि सहकारी, सामुदायिक बीउ बैंक, होमस्टे संलग्न व्यक्ति, फर्म तथा सामुदायिक संस्थाहरुलाई कार्यक्रममा सहभागी गराईने छैन।***

थप जानकारीका लागि मो.नं. ९८६५०३५२६७,
९८४६८९५३०९, ९८६८८२७११०मा सम्पर्क गर्नुहोला ।

बोधार्थ:

१) सुचना तथा प्रविधि शाखा (भेरीगंगा नगरपालिका)

२) सबै वडाहरु, (भेरीगंगा नगरपालिका)

मान बहादुर ठाडा
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध भेरीगंगा - सुखी भेरीगंगावासी"